**कोहलपुर नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड: ०६** **संख्या: ०६** **मिति: २०७९/०९/०१**

**भाग - ०२**

## कोहलपुर नगरपालिका

## स्वयंसेवक शिक्षक परिचालन कार्यविधि २०७९

प्रस्तावना: कोहलपुर नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयमा अभाव रहेको न्यून दरबन्दीका कारण पठनपाठनमा देखिएको समस्या तत्कालका लागि समाधान गरी समग्र नगरपालिकाको विद्यालयीय शिक्षाको शैक्षिक गुणस्तर सुधार गर्नका लागि अर्को व्यवस्था नभएसम्मका लागि कोहलपुर नगरपालिका शिक्षा ऐन २०७६ को दफा ७२ को उपदफा १ को अधिकार प्रयोग गरी स्वयंसेवक शिक्षक परिचालन कार्यविधि २०७९ जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "स्वयंसेवक शिक्षक परिचालन कार्यविधि - २०७९" रहनेछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :**

(क)"नगरपालिका" नगरपालिका भन्नाले कोहलपुर नगरपालिका सम्झनु पर्दछ।

(ख)"शिक्षा समिति" भन्नाले कोहलपुर नगरपालिका नगर शिक्षा समिति सम्झनु पर्दछ।

(ग) "समिति" भन्नाले दफा ४ बमोजिमको स्वयंसेवक शिक्षक समन्वय तथा परिचालन समिति सम्झनु पर्दछ।

(घ) "छनौट समिति" भन्नाले दफा १० बमोजिमको स्वयंसेवक शिक्षक छनौट तथा सिफारिस गर्नका लागि गठित प्राविधिक समिति सम्झनु पर्दछ।

(ङ) "विद्यालय" भन्नाले कोहलपुर नगरपालिका अन्तरगतका माध्यमिक तथा आधारभूत तहको सामुदायिक विद्यालय सम्झनु पर्दछ।

(च) "स्वयंसेवक शिक्षक" भन्नाले नगरपालिकाको करार सम्झौता बमोजिम विद्यालयमा खटाइने आंशिक शिक्षक सम्झनु पर्दछ ।

**३. स्वयंसेवक शिक्षक परिचालनको उद्देश्य तथा क्षेत्र :**

(क) अधिकतम विद्यार्थी तथा न्यून दरबन्दी भएको विद्यालयको पठनपाठनमा सहयोग पुर्याउनु

(ख) प्राथमिक तहमा विद्यार्थी संख्या तथा आधारभूत तह (१-८) तथा माध्यमिक तह (९-१०) मा विद्यार्थी संख्या तथा विषयगत रुपमा अभाव भएको मुख्य विषयहरू (अंग्रेजी गणित विज्ञान नेपाली तथा सामाजिक) मा आंशिक रुपमा स्वयंसेवक शिक्षकको व्यवस्थापन गर्नु

(ग) स्थानीय शैक्षिक संस्थामा उच्च शिक्षा अध्ययनरत जनशक्तिलाई शिक्षण अवसरको माध्यमबाट पेशागत दक्षता तथा सीप विकास गरी आंशिक रोजगार विकास गर्नु

(घ) स्वयंसेवक शिक्षक परिचालनको माध्यमबाट विद्यालयीय शिक्षाको शैक्षिक गुणस्तर वृद्धि गर्नु

(ङ) स्थानीय शैक्षिक संस्थासँगको समन्वयमा अध्ययरत शैक्षिक जनशक्तिका लागि रोजगार सृजना गर्नु

**४. स्वयंसेवक शिक्षक समन्वय तथा परिचालन समिति :** कोहलपुर नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयमा आवश्यक पर्ने स्वयंसेवक शिक्षकको संख्या निर्धारण तथा खाका तयारीका लागि निम्न बमोजिमको स्वयंसेवक शिक्षक समन्वय तथा परिचालन समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) सामाजिक विकास समिति संयोजक - सदस्य

(ग) नगर शिक्षा समितिका अध्यक्षले मनोनित गरेका शिक्षा समितिका सदस्य १ जना - सदस्य

(घ) नेपाल शिक्षक महासंघ अध्यक्ष वा प्रतिनिधि १ जना - सदस्य

(ङ) नगर प्रमुखले तोकेको कार्यपालिकाको एक जना महिला सहित २ जना – सदस्य

(च) नगरपालिकाले नियुक्त गरेको शिक्षासँग सम्बन्धित शिक्षा विज्ञ १ जना - सदस्य

(छ) माध्यमिक विद्यालयको प्रधानाध्यापक वा प्रतिनिधि १ जना - सदस्य

(ज) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

**५. स्वयंसेवक शिक्षक समन्वय तथा परिचालन समितिको काम कर्तव्य र अधिकार :**

(क) स्वयंसेवक शिक्षक व्यवस्थापन सम्बन्धमा सम्बन्धित सरोकारवाला शैक्षिक संस्थासँग आवश्ययक परामर्श गरी सम्झौता गर्ने

(ख) विद्यालयबाट शिक्षक तथा विद्यार्थीको अनुपातमा तथ्यांक संकलन गर्ने

(ग) विद्यालयबाट तहगत तथा विषयगत रुपमा अभाव रहेको दरबन्दी संख्या माग गर्ने

(घ) विद्यालयको माग तथा स्रोत यकीन गरी विद्यालयगत रुपमा स्वयंसेवक शिक्षकको संख्या निर्धारण गर्ने

(ङ) स्वयंसेवक शिक्षकको शिक्षण विषय पहिचान गर्ने

(च) स्वयंसेवक शिक्षक परिचालन, हेरफेर, अनुगमन तथा मूल्यांकन गर्ने

(छ) समितिले स्वयंसेवक शिक्षक व्यवस्थापन सम्बन्धमा आवश्यकता अनुसार प्राविधिक जिम्मेवारी शिक्षा शाखालाई प्रदान गर्न सक्नेछ ।

६. **स्वयंसेवक शिक्षकको माग संकलन : (**१) यस नगरपालिकाभित्रका सामुदायिक विद्यालयमा स्वयंसेवक शिक्षक व्यवस्थापनको लागि तह तथा विषय खुलाई शिक्षक संख्या निर्धारण गर्नका लागि विद्यालयबाट कम्ति ७ दिनको भाका राखी शिक्षा शाखा मार्फत सूचना जारी गरिनेछ ।

(२) उपदफा १ बमोजिमको विवरण सम्बन्धित विद्यालयले अनुसूचि ४ बमोजिमको फाराममा भरी शाखामा पेश गर्नु पर्नेछ ।

७. **स्वयंसेवक शिक्षकको आवेदन सम्बन्धि व्यवस्था: (**१) शिक्षा समिति तथा स्वयंसेवक शिक्षक व्यवस्थापन तथा परिचालन समितिको निर्णय अनुसार शिक्षा युवा तथा खेलकुद शाखाले कम्तिमा ७ दिनको म्याद राखी नगरपालिकाको वेवसाइट तथा राष्ट्रिय स्तरको अनलाइन वा छापाको पत्रिकामा सूचना जारी गरी अनुसूचि १ बमोजिमको ढाँचामा निवेदन माग गर्नेछ ।

(२) उपदफा १ बमोजिम जारी सूचनाका आधारमा दफा १० बमोजिम योग्यता पुगेका यस कोहलपुर नगरपालिका अन्तरगतका शैक्षिक संस्थामा अध्ययनरत उम्मेदवारहरूले आवेदन दिन सक्नेछन ।

(३) निर्धारित समयभित्र प्राप्त आवेदनहरू उपर शिक्षा शाखामा कार्यरत अधिकृत कर्मचारी मार्फत रुजु गरी योग्य उम्मेदवारको सूचि जारी गरिनेछ ।

८. **स्वयंसेवक शिक्षक सूचिकृत गर्ने : (**१) दफा ६ बमोजिम जारी सूचनाका आधारमा दफा १० बमोजिम योग्यता पुगेका शैक्षिक जनशक्तिहरूले आवेदन दिन सक्नेछन ।

(२) निर्धारित समयभित्र प्राप्त आवेदनहरू उपर शिक्षा शाखामा कार्यरत अधिकृत कर्मचारी मार्फत रुजु गरिनेछ ।

(३) प्राप्त कागजातहरू रुजु गरिसकेपछि शाखा मार्फत उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन गरिनेछ ।

(४) शाखा मार्फत अन्तिम नामावलीसँगै छनौट परीक्षाको मिति र समय समेत तय गरी सूचना जारी गरिनेछ ।

९. **स्वयंसेवक शिक्षकको लागि आवश्यक योग्यता :** (१) स्वयंसेवक शिक्षकको लागि आवश्यक न्यूनतम साझा योग्यता निम्नानुसार निर्धारण गरिनेछ :

(क) नेपाली नागरिक हुनु पर्ने

(ख) अध्ययनरत रहेको सम्बन्धित शैक्षिक संस्थाको सिफारिस वा प्रमाण

(ग) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्ने

(घ) निरोगिताको प्रमाणपत्र

(ङ) कुनै पनि  फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको

(च) सम्बन्धित तहको अध्यापन अनुमति पत्र

(छ) कुनै पनि राजनैतिक दलको क्रियाशील वा संगठित सदस्य नरहेको

२. स्वयंसेवक शिक्षकको शैक्षिक योग्यताको लागि तहगत रुपमा निम्नानुसारको योग्यता आवश्यक पर्नेछ :

(क) आधारभूत तह (१-८): शिक्षा शास्त्र तर्फ कुनै पनि  विषयमा प्रवीणता  प्रमाण पत्र तह वा  सो सरह उत्तीर्ण गरी १० महिने तालिम प्राप्त।

(ख) माध्यमिक तह (९-१०): शिक्षा शास्त्र तर्फ कुनै पनि  विषयमा स्नातक तह वा  सो सरह उत्तीर्ण गरी १० महिने तालिम प्राप्त।

(ग) विज्ञान, गणित/विज्ञान, लेखा, कृषि/बाली विज्ञान तथा कम्प्युटर विषयका लागि अध्यापन अनुमति पत्र बाध्यकारी हुने छैन।

**१०.स्वयंसेवक शिक्षक छनौट समिति :** (१) स्वयंसेवक शिक्षक छनौट तथा परिचालनको  लागि निम्नानुसारको एक छनौट समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) सामाजिक विकास समिति संयोजक - सदस्य

(ग) सम्बन्धित विषयको विज्ञहरू कम्तिमा २ जना - सदस्य

(घ) शिक्षा शाखा प्रमुख वा शिक्षा अधिकृत - सदस्य सचिव

(२) आवश्यकता अनुसार नगरपालिकाद्वारा नियुक्त गरिएका विषय विज्ञलाई परीक्षामा आमन्त्रण गर्न सकिनेछ। परीक्षा संचालन तथा व्यवस्थापनको लागि शिक्षा शाखा तथा नगरपालिकाबाट आवश्यक थप कर्मचारी खटाउन सकिनेछ।

(३) छनौट समितिको सचिवालय शिक्षा युवा तथा खेलकुद शाखामा रहनेछ।

(४) स्वयंसेवक शिक्षक छनौटका लागि समितिले शिक्षक सेवा आयोगले निर्धारण गरेको  पाठ्यक्रम अनुसार लिखित मौखिक तथा आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा संचालन गर्नेछ।

(५) परीक्षा संचालनको लागि आवश्यक विज्ञहरू सूचिकृत विज्ञहरूको सूचिबाट  गोला प्रथाद्वारा छनौट गरिनेछ।

(६) छनौट परीक्षाको लागि आवश्यक विषयगत तथा वस्तुगत प्रश्नहरू गोप्यरुपमा विज्ञहरूद्वारा कार्यशाला मार्फत निर्माण गर्न लगाइनेछ।

(७) परीक्षाको माध्यमबाट उत्कृष्ट हुने स्वयंसेवक शिक्षकहरूको एकमुष्ट योग्यताक्रमानुसार सूचि प्रकाशित गरिनेछ।

(८) स्वयंसेवक शिक्षक खटिने विद्यालयको सूची तयार गरी स्वयंसेवक शिक्षकलाई विद्यालय छनौट गर्न लगाइनेछ।

(९) स्वयंसेवक शिक्षकलाई निजहरूको वरियताको आधारमा विद्यालय छनौट गर्न लगाइनेछ तर अपाङ्गता भएका तथा महिला शिक्षकको लागि प्राथमिकता दिइनेछ।

**११.स्वयंसेवक शिक्षकको करारनामा:** (१) दफा १० बमोजिमको समितिले उत्कृष्ट स्वयंसेवक शिक्षकको सूचि करार सम्झौताको लागि शिक्षा समितिमा सिफारिस गरी पठाउने छ।

(२) नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णयानुसार नगरपालिकाले स्वयंसेवक शिक्षकसँग बढीमा १ वर्षका लागि अनुसूचि २ बमोजिम करार सम्झौता गरिनेछ।

**१२.सरुवा सम्बन्धि व्यवस्था:**

(क) सामान्यतया स्वयंसेवक शिक्षकको सरुवा गरिने छैन।

(ख) माथि जुनसुकै कुरा लेखिए तापनि विद्यालयको आवश्यकता तथा शिक्षक संख्यालाई मध्यनजर राख्दै नगरपालिकाले स्वयंसेवक शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न सक्नेछ।

**१३.स्वयंसेवक शिक्षकका काम, कर्तव्य र अधिकार :**

(क) नगरपालिकाले खटाएको विद्यालयमा तोकिएको तह र विषयमा अध्यापन गर्नु पर्नेछ।

(ख) स्वयंसेवक शिक्षकविद्यालयको आंशिक शिक्षकको रुपमा कार्यरत रहनेछन।

(ग) स्वयंसेवक शिक्षकले कोहलपुर नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा, विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकको मातहतमा रही कार्य गर्नु पर्नेछ।

(घ) विद्यालयको आवश्यकतालाई मध्यनजर गर्दै बढीमा प्रतिदिन ४ पिरियड सम्म पढाउनु पर्नेछ।

(ङ) स्वयंसेवक शिक्षकले निर्धारित पोषाकमा उपस्थित भएर शिक्षण गर्नु पर्नेछ।

(च) स्वयंसेवक शिक्षक संगठित रुपमा ट्रेड युनियनमा आवद्ध हुन पाउने छैनन्।

**१४.अवकाश सम्बन्धि व्यवस्था :**निम्न बमोजिमको अवस्थामा स्वयंसेवक शिक्षक अवकाश हुनेछन :

(क) स्वयंसेवक शिक्षकले राजिनामा दिएमा

(ख) खराब आचरण गरेको पुष्टि भएमा

(ग) निजको मानसिक सन्तुलन ठीक नभएको प्रमाणित भएमा

(घ) बिना सूचना लगातार ७ दिनसम्म विद्यालयमा अनुपस्थित रहेमा

(ङ) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा

(च) विद्यालय व्यवस्थापन समिति तथा प्रशासनबाट निजको कार्यसम्पादन चित्तबुझ्दो नभएको प्रतिवेदन पेश भएमा

(छ) स्वयंसेवक शिक्षक शैक्षिक संस्थामा विद्यार्थीका रुपमा अध्ययनरत रहँदासम्म पदमा बहाल रहन सक्नेछन र अध्ययनरत शैक्षिक तहको अन्तिम वर्षको परीक्षा दिइसकेपछि स्वत: पदबाट अवकाश हुनेछन्।

(ज) बुँदा (क) मा जुकसुकै कुरा लेखिए तापनि शैक्षिक सत्रको बिचमा वा अन्त्यमा स्वयंसेवक शिक्षकको नियमित अध्ययनको समयावधि समाप्त भए तापनि आवश्यकताको आधारमा शैक्षिक सत्र समाप्त हुने बेलासम्म नगरपालिकाले करारनामा थप गर्न सक्नेछ।

(झ) स्वेच्छिक रुपमा अवकाश लिन चाहने स्वयंसेवक शिक्षकले अवकाश लिन कम्तिमा २ महिना अघि नै लिखित जानकारी विद्यालयमा दिनु पर्नेछ।

(ञ) शिक्षकको कार्यसम्पादन तथा आवश्यकताका आधारमा नगरपालिकाले शिक्षकलाई बढीमा १ वर्षका लागि सेवा करार थप गर्न सक्नेछ।

**१५.स्वयंसेवक शिक्षकका सेवा शर्त सम्बन्धि व्यवस्था:**

(क) नगरपालिकासँगको करारनामा बमोजिमको सेवा शर्तको अधीनमा रही कार्य गर्नु पर्नेछ।

(ख) स्वयंसेवक शिक्षकले आफूले अध्यापन गराउने समय विद्यालयले निर्धारण गरे बमोजिम हुनेछ तर सम्भव भएसम्म निजहरूको अध्ययनलाई प्रतिकूल प्रभाव नपर्ने किसिमले समय व्यवस्थापन गरिनेछ।

**१६.स्वयंसेवक शिक्षकलाई प्रदान गरिने सुविधा :** स्वयंसेवक शिक्षकले निम्न बमोजिमको सेवा सुविधा प्राप्त गर्नेछन्:

(क) आधारभूत तहको शिक्षकले प्रति पिरियड मासिक रु.५०००/- का दरले बढीमा रु. २००००/-पारिश्रमिक प्राप्त गर्नेछन्।

(ख) माध्यमिक तहको शिक्षकले प्रति पिरियड मासिक रु.६०००/- का दरले बढीमा रु. २४०००/- पारिश्रमिक प्राप्त गर्नेछन्।

(ग) स्वयंसेवक शिक्षकका लागि आवश्यक पारिश्रमिक नगरपालिकाको आ. व. २०७९/०८० मा विनियोजित स्वयंसेवक शिक्षक परिचालन अनुदानबाट खर्च गरिने छ।

**१७.बिदा सम्बन्धि व्यवस्था :** स्वयंसेवक शिक्षकले अध्ययन बिदा, असाधारण बिदा र बेतलबी बिदा बाहेक अन्य बिदाहरूको सुविधा अन्य शिक्षक सरह प्राप्त गर्न सक्नेछन्।

**१८.विद्यालयको भुमिका :** स्वयंसेवक शिक्षकको व्यवस्थापन तथा परिचालनमा विद्यालयले निम्न अनुसारको भुमिका रहनेछ :

(क) नगरपालिकाबाट खटाइएका स्वयंसेवक शिक्षकलाई विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार हाजिरी गराई शाखामा जानकारी पठाउने

(ख) निज शिक्षकको तह र विषयमा फरक नपर्ने गरी समय तालिका व्यवस्थापन गरी अध्यापनमा लगाउने

(ग) हाजिरी भएको मितिदेखि शिक्षकको पारिश्रमिक शाखाबाट माग गर्ने र उपलब्ध गराउने

(घ) शिक्षण तथा पठनपाठनको सिलसिलामा स्वयंसेवक शिक्षकको कक्षा अवलोकन गर्ने र पृष्ठपोषण प्रदान गर्ने

(ङ) स्वयंसेवक शिक्षकको कार्य सम्पादन सम्बन्धमा वस्तुगत जानकारी सहित शाखामा प्रतिवेदन पेश गर्ने।

**१९.स्वयंसेवक शिक्षकले पालन गर्नु पर्ने आचारसंहिता :** स्वयंसेवक शिक्षकले विद्यमान शिक्षा ऐन नियम तथा प्रचलित कानून बमोजिम अन्य शिक्षक सरह नै आचारसंहिताको पालना गर्नु पर्नेछ।

**२०.प्रमाणपत्र दिइनु पर्ने :** नगरपालिकासँगको करार सम्झौता बमोजिम कार्य सम्पन्न गर्ने स्वयंसेवक शिक्षकलाई विद्यालयको सिफारिसमा सेवा प्रमाणित गरी नगरपालिकाले कदर पत्र सहित अनुसूचि ३ बमोजिमको प्रमाण पत्र दिनु पर्नेछ।

**२१.अनुगमन तथा प्रतिवेदनको व्यवस्था :** स्वयंसेवक शिक्षकको कार्यसम्पादन सम्बन्धमा निजहरूको पारिश्रमिक माग फारामसँगै प्रधानाध्यापकले प्रतिवेदन पेश गर्नुपर्नेछ । प्रतिवेदन प्राप्त नभएसम्म पारिश्रमिक निकासा गरिनेछैन।

**२२.प्रशासनिक खर्च सम्बन्धमा :**स्वयंसेवक शिक्षक छनौट तथा परिचालन समितिका पदाधिकारी वा छनौट प्रक्रियामा खटिने विज्ञ तथा कर्मचारीहरूको पारिश्रमिक तथा बैठक भत्ता नगरपालिकाको मापदण्ड बमोजिम नगरपालिकाको प्रशासनिक खर्च शीर्षकबाट खर्च गरिनेछ।

## अनुसूचि १

दफा ७ को उपदफा १ सँग सम्बन्धित

स्वयंसेवक शिक्षकले पेश गर्ने आवेदन फाराम

(क) उम्मेदवारले सेवा गर्न चाहेको तह र विषयको प्राथमिकताक्रमको विवरण : (✓)लगाउने

| तह : | विषय : |
|---|---|
| आधारभूत तह (१-५) (…….) | अंग्रेजी : (…………..) |
| आधारभूत तह (१-८)(…….) | गणित : (…………..) |
| माध्यमिक तह(१-५)(…….) | विज्ञान: (…………..) |
| | नेपाली: (…………..) |
| | सामाजिक: (…………..) |

(ख) स्वयंसेवक शिक्षकको वैयक्तिक विवरण :

| | | | |
|---|---|---|---|
| उम्मेदवारको : | नाम थर : | देवनागरीमा : | |
| | | अंग्रेजी ठूलो अक्षरमा : | |
| | नागरिकता नं : | जारी गर्ने जिल्ला : | जारी मिति : |
| स्थायी ठेगाना : | जिल्ला : ………………. | गा.पा./ न.पा. : | वडा नं. : |
| | टोल : | इमेल ठेगाना : | |
| बुवाको नाम थर : | | आमाको नाम थर : | |
| बाजेको नाम थर : | | पति वा पत्नीको नाम थर : | |
| जन्म मिति : | वि. सं. (…...................) | इ. सं. (…....................) | ….......वर्ष …...महिना |

(ग) शैक्षिक योग्यता सम्बन्धि विवरण :

| शैक्षिक योग्यता | विश्वविद्यालय/बोर्ड/संस्था | शैक्षिक उपाधि | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| हाल अध्ययनरत संस्था : | | | | तह : | |

उम्मेदवारको सहीछाप :

| दायाँ | बायाँ | हस्ताक्षर : | सम्पर्क नं : (……..……………..) मिति : (……………………….) |
|---|---|---|---|
| | | | |

संलग्न कागजातहरू :

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

३. सम्बन्धित क्याम्पसमा अध्ययनरत रहेको परिचयपत्र तथा सिफारिस

## अनुसूचि २

### दफा ११ को उपदफा २ सँग सम्बन्धित

### स्वयंसेवक शिक्षक तथा कोहलपुर नगरपालिकाबीच सेवा करार सम्बन्धि भएको सम्झौता पत्र

श्री कोहलपुर नगरपालिका (यसपछि प्रथम पक्ष भनिनेछ) र श्री ……………………… बहुमुखी क्याम्पस कोहलपुरमा तह ………. वर्षमा अध्ययनरत छात्र/छात्रा तथा स्वयंसेवक शिक्षक श्री ………… ……………………….. (यसपछि दोस्रो पक्ष भनिनेछ) बिच श्री …………………………… विद्यालय ……………. कोहलपुरका लागि ……………. तह ………….. .. विषयका लागि मिति २०७९ देखि सम्मका स्वयंसेवक शिक्षणका लागि भएको द्विपक्षीय सम्झौता पत्र।

(१) प्रथम पक्षले गर्नु पर्ने कार्यहरू :

(क) कार्यविधि २०७९ बमोजिम स्वयंसेवक शिक्षकलाई निर्धारित पारिश्रमिक उपलब्ध गराउने

(ख) कार्यसम्पादन चुस्त दुरुस्त भए नभएको बारेमा अनुगमन तथा मूल्यांकन गर्ने

(ग) स्वयंसेवक शिक्षक कार्यविधि बमोजिम स्वयंसेवक शिक्षकलाई आचारसंहिताको पालना गर्न लगाउने

(घ) निर्धारित सेवा करार सकिएपछि शिक्षकलाई अनुभव सहितको प्रमाणपत्र उपलब्ध गराउने

(२) दोस्रो पक्षले पालन गर्नु पर्ने कार्यहरू :

(क) विद्यालयमा नियमित उपस्थित भई विद्यालयको पठनपाठनमा सहभागी हुनु पर्ने

(ख) नियमित पठनपाठनका साथै अतिरिक्त क्रियाकलापका लगायत विद्यालयले दिएको अन्य जिम्मेवारी पुरा गर्ने

(ग) प्रचलित ऐन नियम तथा विद्यालय व्यवस्थापन समितिले निर्धारण गरेको शिक्षकको आचारसंहिता नियमित पालन गर्ने

(घ) कार्यविधि बमोजिम निर्धारित पारिश्रमिक बाहेक अन्य कुनै पनि सेवा सुविधामा दावी नगर्ने

| | |
|---|---|
| दोस्रो पक्षको तर्फबाट : | प्रथम पक्षको तर्फबाट : |
| नाम : ……………………… | नाम : …………….………… |
| ठेगाना : …………………….. | पद : प्रमुख प्रशासकीय अधिकृत |
| दस्तखत : …………………….. | दस्तखत : ……………….. |
| मिति : ………………. | मिति : …………………. |

रोहवर :

| | |
|---|---|
| नाम : ……………………… | नाम : …………….……….. |
| पद : प्रधानाध्यापक | पद : शिक्षा शाखा प्रमुख |
| दस्तखत : …………………….. | दस्तखत : ……………….. |
| मिति : ………………. | मिति : …………………. |

अनुसूचि ३

(दफा २० सँग सम्बन्धित)

स्वयंसेवक शिक्षकलाई दिइने प्रमाण पत्रको ढाँचा

कोहलपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

कोहलपुर - बाँके।

स्वयंसेवक शिक्षक प्रमाणपत्र

कोहलपुर नगरपालिका वडा नं मा अवस्थित श्री …………………………………. विद्यालय …………. मा ……..……. तहको … ……. .. विषयको स्वयंसेवक शिक्षकमा मिति ……………… देखि मिति ……………… सम्म निरन्तर रुपमा सेवा गरे बापत …………… जिल्ला …………. …… गा. पा./ न. पा. वडा नं ….. …………. ……. स्थायी ठेगाना भएका श्री ………………………………. लाई स-सम्मान यो प्रमाण पत्र प्रदान गरिएको व्यहोरा अनुरोध छ।

भविष्यमा पनि राष्ट्र निर्माणको सन्दर्भमा तपाईंको अमूल्य योगदान रहने विश्वास सहित कोहलपुर नगरपालिका तपाईंको उज्ज्वल भविष्यको कामना गर्दछ।

मिति : ……………………….. श्री ………………………..

(शिक्षा शाखा प्रमुख)

## अनुसूचि ४

## स्वयंसेवक शिक्षक माग गर्दा विद्यालयले पेश गर्ने निवेदन

श्रीमान शाखा प्रमुखज्यू

शिक्षा युवा तथा खेलकुद शाखा कोहलपुर बाँके।

विषय : विवरण पेश गरिएको सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा यस विद्यालयमा आवश्यक पर्ने शिक्षक संख्या माग गर्न शैक्षिक सत्र २०७९ मा अध्ययनरत विद्यार्थी तथा मौजुदा शिक्षकको विवरण पेश गरिएको व्यहोरा अनुरोध छ।

शैक्षिक सत्र २०७९ मा भर्ना भएका विद्यार्थीहरूको कक्षागत विवरण :

| तह | बाल विकास | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा १-५ |
|---|---|---|---|---|---|---|---|
| छात्रा | | | | | | | |
| छात्र | | | | | | | |
| जम्मा | | | | | | | |

| तह | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ६-८ | कक्षा ९ | कक्षा १० | कक्षा ९-१० | कक्षा ११ | कक्षा १२ | कक्षा ११-१२ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | | | | | | | | | | |
| छात्र | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

मौजुदा शिक्षक संख्या तथा थप आवश्यक शिक्षक संख्या :

| तह | किसिम | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | अन्य | जम्मा | आवश्यक शिक्षक सं | विषय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्राथमिक तह (१-५) | स्थायी | | | | | | | | | |
| | अस्थायी | | | | | | | | | |
| | राहत | | | | | | | | | |
| | न अनुदान | | | | | | | | | |
| | मुमशैसुअ | | | | | | | | | |
| आधारभूत तह (६-८) | स्थायी | | | | | | | | | |
| | अस्थायी | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | राहत | | | | | | | | | |
| | शिसुअ | | | | | | | | | |
| | न अनुदान | | | | | | | | | |
| | मुमशैसुअ | | | | | | | | | |
| माध्यमिक तह (९-१०) | स्थायी | | | | | | | | | |
| | अस्थायी | | | | | | | | | |
| | राहत | | | | | | | | | |
| | शिसुअ | | | | | | | | | |
| | न अनुदान | | | | | | | | | |
| | मुमशैसुअ | | | | | | | | | |
| जम्मा संख्या | | | | | | | | | | |

माथि पेश गरिएको व्यहोरा ठीक साँचो हो। झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

..............................
................................
(प्रधानाध्यापक)
श्री .................................. विद्यालय
................... कोहलपुर

**प्रमाणीकरण मिति:**
**मिति: २०७९/०८/२९**

**आज्ञाले**
**टिकाराम ढकाल**
**प्रमुख प्रशासकीय अधिकृत**